नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

# सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको कार्यान्वयनका लागि आवेदन सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०५/०९**
**निवेदन बुझाउने अन्तिम मिति :२०७९/०५/२९**

नेपाल सरकार, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले यस आ. व. २०७९/८० मा सौर्य ऊर्जामा आधारित विभिन्न सौर्य ऊर्जा प्रणाली जडानका कार्यक्रमहरु ल्याएको छ। जस अन्तर्गत निम्न बमोजिमका कार्यक्रमहरु रहेका छन्।

| **क.सं.** | **सौर्य ऊर्जा शाखा अन्तर्गतका विभिन्न कार्यक्रमहरुको विवरण** | **निवेदन दिन पाउने** | **आवश्यक कागजातहरु** |
|---|---|---|---|
| १. | कृषि सिंचाइका लागि सामुदायिक सौर्य पम्प जडान | उपभोक्ता समिति | १. सम्बन्धित उपभोक्ता समितिको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| २. | धार्मिक एवं सामुदायिक स्थानहरुमा सौर्य ऊर्जा प्रणाली जडान | स्थानीय तह | १. सम्बन्धित स्थानीय तहको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ३. | उज्यालो नेपालका लागि राष्ट्रिय मिनिग्रीड कार्यक्रम (बहुबर्षीय कार्यक्रम ) | स्थानीय तह | १. सम्बन्धित स्थानीय तहको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ४. | गाउँपालिका, सामुदायिक शिक्षण विद्यालय, स्वास्थ्य चौकीमा संस्थागत सौर्य ऊर्जा प्रणाली जडान | स्थानीय तह / विद्यालय / स्वास्थ्य संस्था /सरकारी कार्यालय | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |
| ५. | सौर्य कुकर तथा ड्रायर जडान ( अन्य) | उपभोक्ता समिति/ व्यक्तिगत/संघ संस्था | १. सम्बन्धित निकायको निवेदन।<br>२. पूर्व संभाव्यता अध्ययन फाराम (वेवसाइट बाट प्राप्त गर्न सकिने) मा उल्लेख गरिएका सम्पूर्ण कागजातहरु।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस। |

माथि उल्लेखित सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक स्थानीय तह/स्वास्थ्य संस्था/ विद्यालय/ उपभोक्ता समिति/ व्यक्ति /सघं संस्था/सामुदायिक संस्था/धार्मिक स्थल हरुले तपसिलमा उल्लेखित कागजात संलग्न गरी यस केन्द्रले तयार गरेको पुर्व संभाव्यता अध्यन फारम भरी यस केन्द्रमा दर्खास्त दिनुहुन यो सुचना जारी गरिएको छ। पुर्व संभाव्यता अध्यन फारमको ढाँचा एवं यस कार्यक्रम सम्बन्धि सम्पूर्ण जानकारी यस केन्द्रको वेव साइट www.aepc.gov.np बाट लिन सकिनेछ। माथि उल्लेख भएका कार्यक्रमहरु नवीकरणीय ऊर्जा अनुदान निति २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान कार्यविधि २०७३ (यस केन्द्रको वेव साइटमा उपलब्ध छ।) बमोजिम कार्यान्वयन गरिने छ।

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
सौर्य तथा वायू ऊर्जा शाखा
मध्य बानेश्वर, काठमाडौं पो.ब.नं १४३६४
फोन नं ९७७-१ ४४९८०१३/४४९८०१४